# दिप्रुङ चुइचुम्मा गाउँपालिकाको आ.व ०८०/०८१ को न्यायिक समितिको बार्षिक प्रतिवेदन

न्यायिक समितिका सदस्य सचिव ओमसरा राई ज्यूद्वारा दिप्रुङ चुइचुम्मा गाउँपालिकाको पन्ध्रौं अधिवेशनमा प्रस्तुत

दिप्रुङ चुइचुम्मा गाउँपालिकाको यस गरिमामय १५ औं गाउँसभाका सभाध्याक्ष ज्यू,
गाउँसभा का सचिव ज्यू,
गाउँसभाका सदस्य ज्यूहरू,
गाउँसभामा उपस्थित सम्पूर्ण कर्मचारीज्यूहरू,
उपस्थित पत्रकार ज्यूहरू,

यस सम्मानित गाउँसभामा म सभाध्यक्षको अनुमति बमोजिम दिप्रुङ चुइचुम्मा गाउँपालिकामा नेपालको संविधानको धारा २१७ को व्यवस्था बमोजिम रहेको न्यायिक समितिको आर्थिक बर्ष ०८०/०८१ को बार्षिक प्रतिवेदन स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५३ उपदफा २ बमोजिम यस सम्मानित सभामा पेश गर्दछु ।

**१. परिचय**

नेपालको संविधानको धारा २१७ को उपधारा (१) बमोजिम यस गाउँपालिकाको उपाध्यक्ष श्री अरूणा थापा मगरज्यू संयोजकत्वमा वडा नं ३ का वडाध्यक्ष श्री भुपेन्द्र बस्नेत ज्यू र वडा नं ७ का वडाध्यक्ष श्री गन्धमान थापा ज्यू रहनुभएको ३ सदस्यीय न्यायिक समिति रहेको छ ।

दिप्रुङ चुइचुम्मा न्यायिक समिति (कार्यविधी सम्बन्धी ) ऐन, २०७६ को परिच्छेद -७ को दफा ४९ को उपदफा १ बमोजिम न्यायिक समितिको सचिवालयमा १ जना कर्मचारी ओमसरा राई उजुरी प्रशासकको रुपमा कार्यरत हुनुहुन्छ ।

## २. न्यायिक समितिको क्षेत्राधिकार

**स्थानिय सरकार संचालन ऐन, २०७४ दफा ४७ को उपदफा १ बमोजिम न्यायिक समितिलाई देहायका विवाद निरूपण गर्ने अधिकार रहेको छ ।**

क) आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग ।

ख) अर्काको बाली नोक्सानी गरेको,

ग) चरण, घाँस, दाउरा

घ) ज्याला मजदुरी नदिएको

ङ) घरपालुवा पशुपंक्षी हराएको वा पाएको

च) जेष्ठ नागरिकको पालणपोषण तथा हेरचाह नगरेको

छ) नाबालक छोरा वा छोरी वा पति- पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दिक्षा नदिइको ।

ज) वार्षिक पच्चीस लाख रुपैयासम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा,

झ) अन्य व्यक्तिको घर, जग्गा वा सम्पतिलाई असर पर्ने गरी रूख बिरूवा लगाएको,

ञ) आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानि झारेको,

ट) सँधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नुपर्ने परिमाणको जग्गा नछोडी बनाएको,

ठ) कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखी सार्वजनिक रूपमा प्रयोग हुदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्यष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको,

ड) संघीय वा प्रदेश कानूनले स्थानिय तहबाट निरूपण हुने भनी तोकेको अन्य विवाद,

**उपदफा (२) न्यायिक समितिलाई देहायका विवादहरूमा मेलमिलापको माध्यमबाट मात्र विवादको निरूपण गर्ने अधिकार क्षेत्रहरू,**

(क) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकको हकको जग्गा अर्कोले चापी, मिची वा घुसाई खाएको,

ख) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरूको जग्गामा घर वा कुनै संरचना बनाएको,

ग) पति-पत्नीबिचको सम्बन्ध बिच्छेद,

घ) अङ्गभङ्ग बाहेकको बढीमा एक बर्षसम्मा कैद हुन सक्ने कुटपिट,

ङ) गाली बेइज्जती,

च) लुटपिट

छ) पशुपंक्षी छाडा छोडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरबाही गरी अरुलाई असर पारेको

(ज) अरुको आवासमा अनाधिकृत पसेको,

(झ) अर्काको हक भोगमा रहेको जग्गा आवाद वा भोगचलन गरेको,

(ञ) ध्वनी प्रदुषण गरी वा फोहोरमैला फ्याँकी छिमेकीलाई असर पुऱ्याएको,

ट) प्रचलित कानून बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी प्रकृतिका एक बर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद ।

### ३.न्याय सम्पादनको प्रकृया

- विवादको निवेदन दिइ न्यायिक समितिको सचिवालयमा निवेदन दर्ता गर्ने,
- सकेसम्म मेलमिलापकर्ताबाट र मेलमिलाप विधिबाट विवादको समाधान हुन्छ ।
- प्रतिवादिको उपस्थिति भएको ३ महिना भित्र मेलमिलापको विधिबाट विवादको सामाधान गर्नुपर्छ ।मेलमिलाप हुन नसके अदालत पठाउनुपर्छ ।
- न्यायिक समितिले वादिको निवेदन बमोजिम प्रतिवादिको नाममा रहेको बैक, कम्पनी, वित्तीय संस्था वा अन्य कुनै निकायमा रहेको खाता बन्द गर्न सक्छ ।
- पति पत्नी ज्येष्ठ नागरिक संरक्षण सम्बन्धी विवादमा नाबालक सन्तान वा आश्रित अन्य कुनै व्यक्तिको हितका अन्तरिम संरक्षणात्मक आदेश दिन सक्ने,
- न्यायिक समितिबाट बिबादको अन्तिम निर्णय भएको मितिले पैंतिस दिनभित्र सम्बन्धित पक्षलाई जानकारी दिनुपर्ने ।
- न्यायिक समितिबाट भएको निर्णयमा चित्त नबुझे नबुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।
- न्यायिक समितिबाट भएको मिलापत्र वा निर्णयको कार्यान्वयन कार्यपालिकाले गर्नुपर्नेछ ।
- न्यायिक समितिबाट मिलापत्र वा निर्णय भएका विवादसँग सम्बन्धित लिखत, मिलापत्र वा निर्णयको अभिलेख व्यवस्थित र सुरक्षित रूपमा राख्नुपर्नेछ ।

### ४. आ.व २०८०/०८१ मा न्यायिक समितिमा उजुरिको विवरण

- आ.व २०८०/०८१ मा न्यायिक समितिमा जम्मा ४ वटा उजुरी दर्ता भएकोमा ३ वटा उजुरी फर्छयौट र १ वटा फछ्यौंट हुन बाँकी रहेको छ ।दर्ता भएका उजुरीहरूमा ज्याला मजदुरी नपाएको १ वटा, लेनदेन सम्बन्धी २ वटा, गाली बेइज्जति सम्बन्धी १ वटा मुद्दाहरू दर्ता भएका छन् ।३ वटा मुद्दाको फैसला तथा मेलमिलाप भएको छ । लेनदेन सम्बन्धी १ वटा विवाद छलफलको क्रममा रहेको छ ।

## ५.न्यायिक समितिको सुधारात्मक पक्ष

१. न्यायिक समितिको इजलासको स्थापना गर्नुपर्ने,

२. कानुनी सल्लाहकारको व्यवस्था गर्नुपर्ने,

३. न्यायिक समितिको लागि कानुनी पुस्तकालयको स्थापना,

४, मेलमिलाप केन्द्रको स्थापना गर्नुपर्ने,

५, मेलमिलाप कर्ता उत्पादन गर्नुपर्ने,

६,स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५२ अनुसार न्यायिक समितिबाट भएको मिलापत्र वा निर्णयको कार्यपालिकाबाट तत्काल कार्यान्वयन गर्नु गराउनुपर्ने व्यवस्थाको अभ्यास गराइनुपर्ने।

# धन्यवाद !